Email: info@siddhalekmun.gov.np
website: siddhalekmun.gov.np

# सिद्धलेक गाउँपालिका
SIDDALEK RURAL MUNICIPALITY

# गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE

बुङचुङ, धादिङ (BUNGCHUNG, DHADING)
बागमती प्रदेश, नेपाल
(BAGMATI PROVINCE, NEPAL)

आ.व.: २०७६।०७७
च.नं. : १८४१

मिति : २०७७।०८।२८

**विषय – सिद्धलेक प्राईमरी अस्पतालको लागि जग्गा खरिद सम्बन्धि सुचना**

सिद्धलेक गाउँपलिकाको बैरेनीमामा निर्माण हुने सिद्धलेक प्राईमरी अस्पतालको लागि जग्गा आवश्यक परेको हुदा गाउँकार्यपालिकाको मिति २०७७।०८।२५ को निर्णय अनुसार हाल अस्पतालको नाममा कायम रहेको जग्गाको चार किल्ला क्षेत्र भित्र बढीमा प्रतिरोपनी रु १५ लाख भन्दा बढी नहुने गरी तपशील बमोजिमको शर्तहरुको अधिनमा रही के- कति दरमा जग्गा बिक्री गर्ने हो यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा सिलबन्दी प्रस्ताव दर्ता गर्न सम्बन्धित स्थानिय जग्गा धनीहरु लाई आह्वान गरिन्छ।

<u>तपशिल</u>

१. बिक्री गर्न चाहेको जग्गा न्युनतम १ रोपनी ८ अना क्षेत्रफल हुनुपर्ने छ।
२. जग्गा आफ्नै नाममा पुर्ण स्वामित्व रहि हकभोग रहेको तथा अविवादित हुनुपर्ने छ।
३. बिक्री गर्न चाहेको जग्गा देहाय बमोजिमको चार किल्लासंग साध सिमाना जोडिएको हुनुपर्ने छ।
   क. पुर्वः
   ख. पश्चिमः
   ग. उत्तरः
   घ. दक्षिणः
४ सिलबन्दी प्रस्तावको साथ अनिवार्य पेश गर्नुपर्ने कागजात
   क. हालको सम्पत्ति विवरण तिरेको रसिद
   ख. जग्गा धनी स्वयमले प्रमाणित गरेको कित्ता नं. र क्षेत्रफल प्रष्ट खुलेको लालपुर्जाको प्रतिलिपि
   ग. नेपाली नागरिकताको फोटोकपी
   घ. जग्गाको ट्रेस नक्सा वा फिल्ड उतार
   ङ. दिन चाहेको जग्गाको क्षेत्रफल रोपनीमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
   च. उपलब्ध गराउन चाहेको जग्गा प्रति रोपनी के कति दरमा दिने हो सोको स्पष्ट अंक तथा अक्षरमा उल्लेख गर्ने
५ प्रस्ताव ८औं दिन दिउसो १.०० बजे यस कार्यालयमा खोलिनेछ ।
६ प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।
७ यस बाहेक अन्य कुरा प्रचलित ऐन, कानुन बमोजिम हुनेछ।

नि. प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधि...